annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २००, पृष्ठ १२ | काठमाडौं, बिहीबार ११ मंसिर २०८२ | मार्ग शुक्लपक्ष सप्तमी, नेपाल संवत् ११४६ | THURSDAY, NOVEMBER 27, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

फलफूल र तरकारीको विषादी परीक्षण अनिवार्य गर्न सर्वोच्चको आदेश

साढे ६ वर्षअघि सरकारले नाकामा बाहिरबाट आयात हुने फलफूल र तरकारीको विषादी परीक्षण 'अनिवार्य' नभएको निर्णय गर्‍यो। जसकारण भान्सा-भान्सामा विषादीयुक्त फलफूल र तरकारी पुगे। जबकि, उपभोक्तालाई गुणस्तरीय वस्तु प्राप्त गर्ने हक संविधानले नै सुनिश्चित गरेको छ। सरकारको उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा पर्‍यो। सर्वोच्चले सरकारको उक्त निर्णय बदर गर्‍यो र नाकामा परीक्षण अनिवार्य हुनुपर्ने आदेश दियो।

दिनेश गौतम | *काठमाडौं*

– को रिपोर्ट



७१. पैठारी गरिएका तरकारी वा ताजा फलफूल प्रवेश बिन्दु (भन्सार नाका) नै विषादी परिक्षणका लागि स्तरीय प्रयोगशाला स्थापना लगायत जेजो पूर्वाधार वा संरचनाहरू तयार गर्नुपर्दछ ती सबै कार्यलाई राज्यको जनस्वास्थ्य प्रतिको प्राथमिक जिम्मेवारीका रुपमा हेर्नुपर्नेमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६।०३।०२ मा ताजा तरकारी र फलफूल पैठारी गर्दा सम्बन्धित भन्सारबिन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादीको अवशेष परीक्षण अनिवार्य रुपमा गर्नुपर्ने भनी निर्णय गरी उक्त निर्णय कार्यान्वयन प्रकृयामा समेत गइसकेको अवस्थामा पछि मिति २०७६।०३।१९ मा त्यस्तो परीक्षण गर्न अनिवार्य नभएको भनी गरिएको निर्णयबाट आम उपभोक्ताको नेपालको संविधान र कानूनले प्रदान गरेको मौलिक तथा कानूनी हक अधिकारको उलङ्घन हुनुका साथै यसबाट जनस्वास्थ्यका सवालमा राज्यले अन्तराष्ट्रिय कानूनले निषेध गरेको प्रतिगामी कदम (retrogressive measure) चालेकोसमेत पुष्टि हुन आएको र त्यस्तो निर्णयको आधार कारण, कानूनी व्यवस्था र औचित्यसमेत स्थापित हुन नसकेकाले नेपाल सरकारको मिति

२०७६।०३।१९ को उक्त निर्णय उत्प्रेषणको आदेशले बदर भई देहायका विषयमा देहायबमोजिम गर्नू भनी परमादेशसमेत जारी हुने ठहर्छ।

समाचार पृष्ठ २

हङकङमा भीषण आगलागी, १३ जनाको मृत्यु

अनोज रोक्का | *हङकङ*

हङकङको ताई पो क्षेत्रस्थित एक आवासीय क्षेत्रमा भीषण आगलागी भएको छ। थुप्रै भवनहरूमा एकसाथ आगो लागेको र धुवाँको मुस्लो उठेको देखिएको छ। आगलागीमा १३ जनाको मृत्यु भएको छ। उक्त जानकारी हङकङ विशेष प्रशासनिक क्षेत्र सरकारले सार्वजनिक गरेको विज्ञप्तिमा उल्लेख गरिएको हो।

घटना दिउँसो करिब २:५१ बजे मात्र सम्बन्धित कार्यालयलाई जानकारी गराइएको थियो। आगलागी अत्यन्तै फैलिँदै गएपछि जिम्मेवार निकायले साँझ ६:२२ बजे आगलागीको खतरा स्तर पाँचसम्म बढाएको थियो। उद्धार तथा नियन्त्रण कार्य अहिले पनि जारी रहेको जनाइएको छ।

विशेष महाधिवेशन पक्षधरको भेला

निर्वाचनअघि महाधिवेशन अनिवार्य

राधा खनाल | *काठमाडौं*

कांग्रेसका विशेष महाधिवेशन पक्षधरको बुधबार काठमाडौंमा भेला भयो। उक्त भेला आगामी केन्द्रीय समितिलाई महाधिवेशनको मिति तोक्नका लागि दबाब दिन राखिएको थियो। कांग्रेसमा चुनावपछि महाधिवेशन गर्ने कि अघि गर्ने भन्ने विषयमा चर्को विवाद छ। त्यसबारे असोज २८ गतेदेखि जारी केन्द्रीय समिति बैठकले निर्णय लिन सकेको छैन।

उनीहरूले विशेष महाधिवेशनको प्रक्रिया अघि बढाउन केन्द्रीय समितिलाई दबाब बढाइरहेका छन्। कांग्रेसको शुक्रबारको बैठकमा निर्वाचन पछिको कार्यतालिका ल्याउनका लागि कार्यवाहक सभापति पूर्णबहादुर खड्का शीर्ष नेता तथा पदाधिकारीसँग छुट्टाछुट्टै छलफलमा छन्।

कांग्रेसमा पुसभित्र नियमित महाधिवेशन गर्ने गरी कार्यतालिका ल्याउन संस्थापन पक्ष तयार देखिन्छ। तर, त्योभन्दा अगाडि विशेष महाधिवेशनको हस्ताक्षर फिर्ता हुनुपर्छ भन्दै आएको छ। अर्कोतिर विशेष महाधिवेशनको माग गरिरहेको संस्थापन इतर पक्ष नियमित महाधिवेशन महामन्त्री गगन थापाले प्रस्ताव गरेको पुस १६ गतेदेखि हुने गरी तालिका ल्याउन तयार छ। हस्ताक्षर कुनै पनि हालतमा फिर्ता नहुने उनीहरूको तर्क छ।

दुवै पक्षका अडान यथावत छन्। सहमति गराउन शीर्ष नेता लागेका छन्। सभापति शेरबहादुर देउवा विशेष महाधिवेशनका पक्षमा छैनन्। पुसमा नियमित महाधिवेशन गराउन केही हदसम्म देउवा सहमत भए पनि हस्ताक्षर फिर्ता नगर्ने अडानमा विशेष पक्षधर छन्।

पार्टीको निकासका लागि अब विशेष महाधिवेशनको विकल्प नभएको भन्दै आफूहरूले दबाब दिनका लागि भेला आयोजना गरेको नेता गुरुराज घिमिरेले बताए। नेता घिमिरेले संसारका कीर्तिमान भंग हुने गरी पार्टी केन्द्रीय कार्यसमिति बैठक लम्बिएको टिप्पणी गरेका छन्। बैठकमा बोल्दै घिमिरेले चिनियाँ कम्युनिस्ट पार्टीले सबैभन्दा लामो बैठक जम्मा २३ दिन बैठक बसेको उल्लेख गर्दै आफ्नो पार्टीको बैठक भने डेढ महिनासम्म चल्दा पनि निष्कर्ष निस्कन नसकेको बताए।

घिमिरेले अगाडि भने, 'संसारमा सबैभन्दा लामो बैठक चिनियाँ कम्युनिस्ट पार्टीको बसेको रहेछ। जम्मा २३ दिन। हाम्रो डेढ महिना पुग्दैछ। संसारका कीर्तिमान हामीले भंग गरेर केन्द्रीय कार्यसमितिको बैठक बसिसक्दा पनि असोज २८ गते सुरु भएको बैठक, आज महिनाको हिसाबले त 'असोज, कात्तिक, मंसिर' महिना गणना गर्दा त तीन महिना र दिन हिसाब गर्दा डेढ महिना बस्दा पनि हामी निष्कर्षमा पुग्न सकेका छैनौं।'

अहिलेसम्मको प्रगति भनेको आयोगमा पार्टी दर्ता भयो भन्दै उनले भने, 'बल्लतल्ल हामीले निर्वाचन आयोगमा पार्टी दर्ता गरायौं। त्यसपछि निर्वाचनमा भाग लिने भयौं।'

घिमिरेले बैठक बस्दै सर्दै गरेकाले बिहीबारको बैठक पनि सर्ने हल्ला आइसकेको भन्दै अगाडि भने, 'भोलि बैठक बस्ने भनिएको छ। सर्ने हल्ला पनि छ। सर्ने हल्ला नै सत्य हुन्छ। गर्ने हल्लाभन्दा सर्ने हल्ला नै सत्य हुन्छ। आजसम्म गर्ने हल्ला सत्य भएको छैन।'

» बाँकी पृष्ठ ८

दल दर्ताका लागि ४ दिन थप

राजकरण महतो | *काठमाडौं*

निर्वाचन आयोगले निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय ४ दिन थप्ने निर्णय गरेको छ। आयोगले मंसिर १४ गतेसम्म निर्वाचन प्रायोजनका लागि दल दर्ता गर्ने समय थप गरेको हो। यसअघि आयोगले मंसिर १० गतेसम्म दल दर्ताको समय तोकेको थियो। आयोगले तोकेको समयसीमा बुधबार साँझसम्म पनि दल दर्ता हुने क्रम जारी रहेकाले आयोगले ४ दिन थप्ने निर्णय गरेको हो।

आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले दल दर्ताको चाप अझै रहेकाले ४ दिन समय थप गरिएको बताए। 'दल दर्ताको चाप अझै छ। सबैलाई समेटेर लैजानका लागि ४ दिन समय थप्ने निर्णय गरेका हौं,' अन्नपूर्णसँग उनले भने।

निर्वाचन आयोगले मंसिर १० गतेसम्म दिएको पहिलो समय सीमासम्म निर्वाचन प्रयोजनका लागि १०६ वटा दल दर्ता भएका छन्।

» बाँकी पृष्ठ ५

अनलाइन एप एसएमसी ठगी प्रकरण

१२०० बैंक खाता रोक्का

सुनिता कार्की | *काठमाडौं*

अनलाइन एप एसएमसी ठगीमा प्रयोग भएका करिब १ हजार २ सय बैंक खाता रोक्का भएका छन्। विद्युतीय अनलाइन ठगी कारोबारमा संलग्नहरूले विभिन्न बैंकका हजारौं खाता प्रयोग गरेका थिए। तीमध्ये करिब १ हजार २ सय खाता रोक्का गरिएको साइबर ब्युरो काठमाडौंका प्रवक्ता दीपकराज अवस्थीले जानकारी दिए। 'एप प्रयोगकर्ताको उजुरीपछि सम्बन्धित खाताहरू रोक्का गरिएका छन्। ब्युरोले अनुसन्धानलाई तीव्र बनाएको छ,' अवस्थीले अन्नपूर्णसँग भने। अन्नपूर्ण पोस्ट्ले मंसिर १ गते 'होसियार! गाउँसम्म फैलिँदैछ एसएमसी ठगीको जालो' शीर्षकमा समाचार प्रकाशित गरेको थियो।

annapurnapost.com
अन्नपूर्ण पोस्ट
कभर स्टोरी
'एसएमसी' एपबाट ठगी, गाउँसम्म फैलिँदै जालो
एसएमसीले यसरी लोभ्याउयो
SMC

यही कात्तिक ५ गतेबाट ब्युरोमा एसएमसी एपबाट ठगी भएको भन्दै उजुरी दर्ता हुन थालेका थिए। उक्त एपमार्फत ठगी भएको भन्दै ब्युरोमा ५ सयभन्दा बढी उजुरी दर्ता भएको प्रवक्ता अवस्थीले जानकारी दिए। हालसम्म करिब ९ करोड रुपैयाँ ठगिएको भन्दै विभिन्न उजुरी प्राप्त भएको ब्युरोले जनाएको छ। उजुरी बढिरहेकाले ठगिएको रकम पनि बढ्न सक्ने ब्युरोले जानकारी दिएको छ। कम्तीमा ५० हजारदेखि ६४ लाखसम्म उक्त अनलाइनबाट ठगिएको भन्दै ब्युरोमा उजुरी परेका छन्। देशभित्र मात्र नभई देशबाहिर रहेका नेपालीले पनि उक्त एपमा पैसा लगानी गरेका छन्।

इलाममा बाढीबाट क्षति पुगेपछि राहत बाँड्न ब्यानरसहित एसएमसी समूह पुगेको थियो। प्रहरीले उक्त समूहबारे सोधखोज गर्‍यो। तर, इलाममा दर्ता भएको पाइएन। त्यसपछि उक्त समूहले बनाएको एसएमसी एप फेक हुनसक्ने भन्दै साइबर ब्युरो काठमाडौंले तिहार अघिबाट अनुसन्धान सुरु गरेको थियो। साइबर ब्युरोलाई 'स्क्याम' हो भन्ने थाहा हुँदाहुँदै पनि कतैबाट एपबारे उजुरी परेको थिएन। नोभेम्बर ११ अर्थात् कात्तिक २५ गतेबाट भने यो एपबाट ठगिएको र स्क्याम भएको भन्दै ब्युरोमा उजुरी पर्न थालेका थिए।

ब्युरोमा उजुरीकर्तामध्यकी एक काठमाडौंकी सिता ढुंगाना (नाम परिवर्तन) फसेको आफ्नो पैसा फिर्ता हुनेमा भने ससंकित देखिन्छिन्। खाता रोक्का गरेर मात्र पैसा फिर्ता हुन नसक्ने उनले भनिन्। अहिलेको प्रविधिको जमानामा यस्ता अनलाइन ठगीहरूलाई समाउन प्रविधिकै प्रयोग हुनुपर्ने उनको भनाइ छ। 'ब्युरोले काम गरिरहेको छ। बैंक खाता पनि रोक्का गरेको छ।

» बाँकी पृष्ठ ५



नारायणी स्टिल्स्का उत्कृष्ट उत्पादनहरु
KEYAL GROUP
GI WIRE
SS PIPE
TMT RODS
JASTA PATA
NARAYANI STEELS
नारायणी स्टिल्स्
पर्सा, नेपाल, सम्पर्क : ९८५५०२१७३१, ९८५५०३३५०३